प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ७४ ॥ २०८१ वैशाख ०९ गते आईतबार (21st Apr 2024 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

## ओलीको राजनीतिक प्रतिवेदन

# कांग्रेस प्रतिशोधको राजनीतिमा

झापा(प्रस) । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस अचानक सत्ताबाट बाहिरिनुपर्दा हतास देखिएको बताएका छन्। राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकमा राजनीतिक प्रतिवेदन पेस गर्दै उनले कांग्रेस प्रतिशोधको राजनीतिमा पुगेको आरोप लगाए।

कांग्रेसले एमाले-माओवादी नेतृत्वको गठबन्धन भत्काउन रास्वपालगायत केही दलहरूलाई प्रधानमन्त्रीको प्रस्तावसमेत गरेको दाबी ओलीको छ तर, प्रस्ताव अस्वीकार गरिएपछि कांग्रेस हताम मनस्थितिमा पुगेर सदन अवरोध गर्न पुगेको ओलीको आरोप छ।

'अचानक सत्ताबाट बाहिरिनु पर्दा यतिबेला नेपाली कांग्रेस आक्रोशित, क्षुब्ध र हतास देखिन्छ। यही हतासले उसलाई प्रतिशोधको राजनीतिमा पुर्‍याएको छ। फागुन २१ गतेबाट सुरु भएको नयाँ समीकरणलाई सफल हुन नदिन र भत्काउन उसले हरसम्भव प्रयास गर्‍यो। त्यसका लागि उसले रास्वपा र अन्य कतिपय दलका नेताहरूलाई प्रधानमन्त्री पदको समेत प्रस्ताव गर्‍यो। तर, कांग्रेसको प्रस्ताव अस्वीकार गर्दै ती दलहरू नयाँ राजनीतिक समीकरणमा संलग्न हुनासाथ ऊ यतिबेला हतास मनस्थितिका साथ विरोध र सदनमा अवरोध गरिरहेको छ। यसका पछाडि प्रतिशोधबाहेक कुनै तर्कसंगत आधार छैनन्,' ओलीले प्रस्तुत गरेको प्रतिवदेनमा भनिएको छ।



अध्यक्ष ओलीले पुर्पक्षका लागि थुनामा राखेका र गम्भीर अनियमितताामा संलग्न भएका आफ्नै मन्त्री र नेतालाई कारबाही गर्न नसकेको कांग्रेसले अरुमाथि प्रश्न उठाउने नैतिक आधार नरहेको बताए। उनले गृहमन्त्रीसमेत रहेका रास्वपा सभापति रवि लामिछानेको बचाउन गर्दै राजनीतिक प्रतिशोधको भावनाले अगाडि सारिएका र पुष्टि नभएका विषयमा प्रवेश गर्न नसकिने प्रष्ट पारेको छ।

'सहकारी क्षेत्रमा गम्भीर समस्या देखा परेका छन्। बचतकर्ताहरूको अर्बौं रकम हिनामिना भएको छ। यसको गम्भीर छानबिन गरी दोषीहरूलाई कानुनी कारबाही गरिनुपर्छ। यस विषयमा पार्टी स्पष्ट छ। तर, निश्चित व्यक्तिलाई निशाना बनाएर राजनीतिक प्रतिशोधको भावनाले अगाडि सारिएका र पुष्टि नभएका विषयमा प्रवेश गर्न सकिँदैन। हिजोसम्म सरकारमा रहँदा अख्तियारले बयानमा बोलाएका, अदालतले पुर्पक्षका लागि थुनामा राखेका र गम्भीर अनियमितताामा संलग्न भएका मन्त्री र नेताहरूलाई राजीनामा गराउन तयार नहुने कांग्रेसले यतिबेला अरुमाथि प्रश्न उठाउने नैतिक आधारसमेत राख्दैन,' प्रतिवेदनमा भनिएको छ। उनले घुमाउरो भाषामा वामपन्थी एकता आवश्यक रहेको औंल्याएका छन्। उनले वामपन्थी ध्रुवीकरण उचित र व्यवहारिक नभएको बताएका छन्। 'मुलुकमा जस्ता गम्भीर समस्याहरू छन्, तिनको समाधानका लागि सबै राजनीतिक पार्टीहरूमाझ निरन्तर संवाद आवश्यक छ। विचार मिल्नेहरूमाझ सहकार्य आवश्यक छ। निश्चित दल, विचार या शक्तिलाई निषेध गर्ने गरी अगाडि बढाइने वामपन्थी एकता या समाजवादी ध्रुव या अन्य कुनै नाममा गरिने ध्रुवीकरण उचित, व्यवहारिक र लाभदायी हुँदैन। सहकार्य गहिरो हुँदै जाँदा र विश्वासको वातावरण निर्माण हुँदै जाँदा भोलि विचार मिल्नेहरू क्रमशः एकै ठाउँ हुँदै जानेछन्। त्यसो हुनु पनि पर्छ,' प्रतिवेदनमा भनिएको छ।

अध्यक्ष ओलीले संक्रमणकाली न्याय दलीय स्वार्थका कारण टुंगिन नसकेको समेत प्रष्ट पारेका छन्। उनले एमाले संक्रमणकालीन न्याया टुंग्याउन सधैं तयार रहेको र त्यसका लागि पीडितमैत्री कानुन ल्याउनुपर्ने उनको जिकिर छ। 'हामी संक्रमणकालीन न्यायको बाँकी काम अबिलम्ब टुंग्याउन चाहन्छौं। पीडितहरू हिजो पनि पीडित- आज पनि पीडित हुने स्थिति नहोस्, सङ्क्रमणकालीन न्यायका नाममा सङ्क्रमणकालीन अन्याय नहोस् भन्ने हाम्रो भनाइ हो। पीडित केन्द्रित, पीडित मैत्री तरिकाबाट यसलाई टुंग्याउनु पर्छ,' उनले भने, 'सशस्त्र द्वन्द्वमा हामी तटस्थ थियौं। हामीले हिंसाको आलोचना गरेका थियौं। हिंसा त बाध्यता पो हुनु पर्ने हो, तर कतिपयले यसलाई शोखको विषय, छनोटको विषय बनाउनुभएको थियो। त्यसप्रति हामीले असहमति जाहेर गरेका थियौं।'

# काँकडभिट्टा-लौकही सडक स्तरोन्नति धमाधम

झापा(प्रस) । पूर्वपश्चिम राजमार्गअन्तर्गत काँकरभिट्टा-लौकही खण्डमा स्तरोन्नतिको काम सुरु भएको छ । तीन वर्षमा सम्पन्न गर्ने लक्ष्यका साथ एसियाली विकास बैंकको ऋण सहयोगमा स्तरोन्नति थालिएको यो सडक अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको हुनेछ ।काँकरभिट्टादेखि लौकहीसम्मको एक सय २० किलोमिटर सडक स्तरोन्नति हुने भनिए पनि हाल ९५ किलोमिटरका लागि मात्र ठेक्का लागेर काम सुरु भएको छ । आयोजनाले यो सडकलाई पूर्वी र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरेको छ । काँकरभिट्टादेखि सीतापुरसम्मको ४५ किलोमिटर सडक दमकस्थित कार्यालयले हेर्नेछ भने सीतापुरबाट इटहरी पश्चिम पचरुखीसम्मको क्षेत्र इटहरी कार्यालयको कार्यक्षेत्रमा छ ।

पूर्वी खण्डमा २१ वटा पुल रहेका छन् भने एक सय ३५ वटा कल्भर्ट बन्ने छन् । 'पाइल फाउन्डेसन' विधिबाट केर्खा खोला र कमल खोलामा पुल निर्माण भइरहेको र ३५ वटा कल्भर्ट निर्माण जारी रहेको प्रमुख सुनिलबाबु पन्तले बताए । सडक किनारमा पर्ने ११ हजार पाँच सय १३ वटा रुखमध्ये ७५ प्रतिशत काटिएका छन् । वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार काम जारी छ ।

इटहरिस्थित आयोजना कार्यालयका अनुसार सडक र पुल निर्माणका लागि पाँच वटा अलग-अलग ठेक्का लगाइएको छ । निन्दा, विरिङ, कन्काई, रतुवा, बक्राहा र लोहन्द्रामा पुल बनाउन ठेक्का लागेको छ । यी छ वटा पुल तीन सय मिटरभन्दा लामा छन् ।

उक्त सडकलाई बजार क्षेत्र, जङ्गल क्षेत्र र ग्रामीण क्षेत्रमा विभाजन गरिएको छ । बजार क्षेत्रमा ५० मिटर, जङ्गल क्षेत्रमा २४ मिटर र ग्रामीण क्षेत्रमा ३३ मिटर चौडा सडक बन्नेछ । सहरी क्षेत्रमा साइकल लेन, फुटपाथ, ड्रेनसहित निर्माण हुनेछ । तीन सय मिटरभन्दा लामा पुल बन्ने स्थानमा सिग्नेचर पुल निर्माण हुनेछन् ।

# अनेम संघ क्रान्तिकारी झापाको पदाधिकारी चयन

बिर्तामोड(प्रस) । अखिल नेपाल महिला संघ (क्रान्तिकारी) झापाको पदाधिकारी चयन भएको छ । शनिबार बिर्तामोडस्थित नेकपा माओवादी केन्द्रको पार्टी कार्यालयमा भएको सदस्यहरुको भेलाबाट पदाधिकारी चयन भएको हो ।



गत चैत २८ गते बिर्तामोडमा भएको भेलाबाट २९ जना सदस्यहरु चयन भएको र सो सदस्यहरु मध्येबाट पदाधिकारी चयन भएको निर्वाचन अधिकृत नेकपा माओवादी केन्द्रका प्रदेश सदस्य भवानीप्रसाद दंगालले जानकारी दिए । भेलाबाट ९ सदस्यीय पदाधिकारी चयन भएको उनले बताए । समितिको अध्यक्षमा तारा श्रेष्ठ, उपाध्यक्षहरु कचाली ताजपुरीया, कल्पना राई र रिता मिश्र चयन भएका छन् । सचिवमा टिका राउत र सहसचिवहरु हिरा राजवंशी, इन्दिरा नेपाल र सुष्मा अधिकारी चयन भएको निर्वाचन अधिकृत दंगालले जानकारी दिए । त्यस्तै कोषाध्यक्षमा कमला विक चयन भएकी छन् ।

अन्य सदस्यहरुमा सुस्मा अधिकारी, कल्पना तामाङ, अम्बिका खतिवडा, रेखाकुमारी यादव, मेनुका राजवंशी, राधिका आचार्य, अम्बिका मैनाली,, मुनावति गणेश, भगवती मेचे, लता भट्टराई, रोमा राई नेम्बाङ, अस्मित कला लिम्बू, लिला सुब्बा राजवंशी, उर्मिला सापकोटा, अमृता खाती, अनिसा यादव, कल्पना बस्नेत, अम्बिका तोलाङ्गी राई, लिला प्रसाई (संग्रौला), शान्ति उपाध्याय र भूमिका कोइराला रहेका छन् ।

३५ सदस्यीय जिल्ला समितिका लागि बाँकी ६ जना मनोनित हुने नेकपा माओवादी केन्द्र झापाका संयोजक राजु आचार्य (अग्नी)ले जानकारी दिए ।

नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई अनेम संघ क्रान्तिकारीकी केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज निरु खतिवडा (अनु)ले पद तथा गोपनीयताको सपथ खुवाएकी थिइन् ।

# दुईवटा मोटरसाइकल जुध्दा एकजनाको मृत्यु, तीन घाइते

झापा(प्रस), बैशाख ८ । झापाको कचनकवल ६ बनियानीमा दुईवटा मोटरसाइकल एकापसमा जुध्दा एकजनाको मृत्यु भएको छ भने तीनजना गंभीर घाइते भएका छन् । शुक्रवार राति ९.५० बजेतिर बनियानीको पेट्रोल पम्पनजिक बनियानी केचना सडकखण्डमा केचनाबाट बनियानीतर्फ आउँदै गरेको मे ८ प ८१७ नं को मोटरसाइकल र बनियानीबाट



केचनातर्फ जाँदै गरेको बीआर३६ एक्स ३९४४ नं को मोटरसाइकल एकापसमा जुधेका थिए । दुर्घटनामा बीआर३६ एक्स ३९४४ नं को मोटरसाइकलका चालक कचनकवल ४ बस्ने ४१ वर्षीय कृष्णप्रसाद शाहको मृत्यु भएको हो । त्यस्तै सोही मोटरसाइकलको पछाडि सवार कचनकवल ४ बस्ने १४ वर्षीय संदिप माझी गंभीर घाइते भएका छन् । उनलाई ओमसाई पाथीभरा हस्पिटलबाट बीएण्डसी हस्पिटल लगिएको छ ।

त्यस्तै मे ८ प ८१७ नम्बरको मोटरसाइकलमा सवार कचनकवल ६ बस्ने २१ वर्षीय गोपाल राजवंशी र वडा नं ७ बस्ने अन्दाजी २५ वर्षीय रामबहादुर राजवंशी घाइते भएका छन् । उनीहरुको ओमसाई पाथीभरा हस्पिटलमा उपचार भइरहेको र दुबै मोटरसाइकल ईलाका प्रहरी कार्यालय बनियानीको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

अव तपाईहरुकै शहर विर्तामोडमा प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त तपसिल बमोजिमका तालिमहरु संचालन भईरहेको सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

तालिमहरु : ( बैदेशिक रोजगार तथा स्वदेशमा नै स्वरोजगार बन्नका लागि )

| क्र.स. | संचालनमा रहेका तालिमहरु | अवधि |
|---|---|---|
| १. | केयर गिभर (Care Giver) | ३९० घण्टा |
| २. | सहायक अभ्यङ्गकर्ता (Assistant Massage Therapist) | ४२० घण्टा |
| ३. | परम्परागत आयुर्वेद कार्यकर्ता (Traditional Ayurved Worker) | ३९० घण्टा |
| ४. | शारीरिक पुर्नस्थापना सहायक (Physical Rehabiliation Assistant) | ४९० घण्टा |



अन्य थप जानकारीको लागि :-

विर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर प्रा.ली.
अष्टाङ्ग आयुर्वेद फार्मेसी
विर्तामोड न.पा. -१, राजगढ स्टेण्ड वाट १०० मिटर दक्षिण
सम्पर्क नं. ०२३-५३२३६६, ९८०६०३४४२६

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-8, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# सुरुङ्गामा जिल्लास्तरीय कराँते प्रतियोगिता हुने

कनकाई(प्रस)।झापाको सुरुङ्गामा एक दिवसीय जिल्लास्तरीय कराँते प्रतियोगिता हुने भएको छ ।

दुई वर्षअघि २०७८ कात्तिक ९ गतेका दिन निधन भएका सुरुङ्गा बजारका सुनचाँदी व्यवसायी गौरीलाल श्रेष्ठको स्मृतिमा दोस्रो जिल्लास्तरीय कराँते प्रतियोगिता संचालन गरिने भएको हो । सुरुङ्गा जेसीजको भवनमा संचालन हुने प्रतियोगितामा इलुवाबारी सितोरियो कराँते डोजोको आयोजना एवं सह-आयोजकका रुपमा सुरुङ्गा जेसीज रहने डोजोका संयोजक राजेन्द्र लिम्बूले जानकारी दिए । करिव दुई लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि सुरुङ्गास्थित सिद्धि ज्वेलर्स, श्रेष्ठ ज्वेलर्स र न्यु गोल्ड जीमबाट आर्थिक सहयोग हुने बताइएको छ ।

यहि वैशाख १५ गते हुने प्रतियोगितामा झापा जिल्लाभरिका विभिन्न पालिका एवं डोजोहरुबाट २५० बढी खेलाडीहरुको सहभागिता रहने कराँते महासंघ झापाका अध्यक्ष जगन दुर्वासा कार्कीले जानकारी दिए । कराँते महासंघ झापाको संयोजन तथा



रेफ्री कमिशन झापाको प्राविधिक सहयोग रहने प्रतियोगितामा २० देखी ६० केजी तौल समूहका महिला तथा पुरुषले प्रतिष्पर्धा गर्न सक्ने महासंघ झापाका अध्यक्ष कार्कीले जानकारी दिए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ ।

आयोजकले सुरुङ्गामा पत्रकार भेटघाटमार्फत प्रतियोगिताका बारेमा जानकारी दिएको हो । कोशी प्रदेश खेलकुद बोर्ड उपाध्यक्ष बिन्दिया कार्कीबाट उद्घाटन हुने प्रतियोगिता सम्पन्न गर्न २० जना राष्ट्रिय स्तरका निर्णायक मण्डलीको उपस्थिति रहने जनाइएको छ । वैशाख १५ गते शनिवार बिहान ७ बजेदेखि नै संचालन हुने प्रतियोगिताको औपचारिक कार्यक्रम भने दिउँसो १ बजेदेखि हुने आयोजक समितिले जनाएको छ ।

पत्रकार भेटघाटमा आयोजक समितिका संयोजक राजेन्द्र लिम्बूसहित सह-आयोजक संस्था सुरुङ्गा जेसीजका अध्यक्ष राजु पाठक, कराँते महासंघ झापाका अध्यक्ष जगन दुर्वासा कार्की, कनकाई नगर खेलकुद विकास समितिका अध्यक्ष जविन तिम्सिना, राखेप कराँते प्रशिक्षक दुर्गाराज निरौला, रेफ्री कमिशन संयोजक विष्णुकुमार नेम्बाङ, कराँते महासंघ झापाका सदस्य एवं क्षेत्र नं.४ का सिनियर कराँते गुरु राम पाठक, सुरुङ्गा जेसीजका पूर्व अध्यक्ष त्रिलोचन उप्रेती, जेसीजका कानुनी सल्लाहकार दिपेन्द्र प्रधान, कार्यकारिणी उपाध्यक्ष रिसवसिंह चहारलगायतको उपस्थिति रहेको थियो ।

सुरुङ्गा बजारका पुराना व्यवसायी खेल प्रेमी स्व.गौरीलाल श्रेष्ठको खेलप्रतिको मोह सँधैं ताजा राख्दै परिवारका तर्फबाट आफ्ना अभिभावकको योगदान साथै सतकर्मलाई सधैं अमर राख्न वार्षिक रुपमा खेलका गतिविधि संचालन गर्दै आएको स्व.श्रेष्ठका छोरा प्रविन श्रेष्ठले जानकारी दिए । तत्कालीन समयमा कनकाई उद्योग वाणिज्य संघका सदस्य , सुनचाँदी व्यवसायी संघका पूर्व अध्यक्ष, नागरिक समाज सुरुङ्गाका संस्थापक, मानवअधिकारवादी संस्थाको समेत सदस्य रहेका स्व.श्रेष्ठ सुरुङ्गा बजारमा रहेको सुन्दर एण्ड सन्स ज्वलेरीका संचालक थिए । उनको फोक्सोको क्यान्सरबाट निधन भएको थियो । स्व. श्रेष्ठका श्रीमती चन्द्रकुमारी श्रेष्ठ, छोराबुहारी प्रविन र सपना, छोरीज्वाइँ पुजा र राजेन्द्र लिम्बू रहेका छन ।

# नेपाल एसिया कपमा छनोट भएन




कान्तिपुर

झापा(प्रस)। हङकङसँग हारसँगैं नेपालले एसीसी ट्वान्टी-२० प्रिमियर कप क्रिकेटमा निराशाजनक यात्रालाई टुंग्याएको छ । ओमानमा भइरहेको प्रतियोगितामा हङकङसँगको तेस्रो स्थानका लागि भएको खेलमा नेपाल ४ विकेटले पराजित भएको हो ।

समूह चरणको लगातार चार खेल जितेर सेमिफाइनल पुगेको नेपाल लगातार दुई खेलमा पराजित भएको हो । अघिल्लो दिन सेमिफाइनलमा नेपाललाई यूएईले ६ विकेटले पराजित गरेको थियो । सेमिफाइनलमा हारसँगैं नेपालको एसिया कपमा छनोट हुने संभावना समाप्त भएको थियो । हङकङलाई जितेको भए तेस्रो स्थान हात पार्दै नोभेम्बरमा हुने भनिएको एसीसी एमर्जिङ कपका लागि छनोट हुने थियो । नेपालको त्यो सम्भावना पनि समाप्त भएको छ ।

मस्कटस्थित अल अमेरेटमा टस जितेर ब्याटिङ गर्न आएको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाई १ सय ३९ रनमात्र बनाउन सक्यो । अंशुमन रथले अविजित ६५ रन बनाएपछि हङकङले ३ बल अगाडि लक्ष्य पुरा गरेको थियो । उनले ५० बल खेल्दै ४ चौका र २ छक्का प्रहार गरे । नरसुल्ला राना ११ रनमा अविजित रहे । अन्तिम ओभरमा हङकङलाई विजयका लागि ८ रन चाहिने अवस्थामा रानाले सबै रन जोडेका थिए ।

बाबर हायतले २५ बलमा २ छक्कासहित २६ र एजाज खान १० बलमा १२ रन बनाई आउट भए । कप्तान निजाकत खान ३ रनमै आउट भएका थिए । नेपालबाट सोमपाल कामीले ४ ओभरमा ३३ रन खर्चेर ३ र दीपेन्द्रसिंह ऐरीले ४ ओभरमा २७ रन खर्चेर २ विकेट लिए ।

दीपेन्द्रले अन्तिम ओभरमा समान २ चौका र छक्कासहित २० रन बनाएपछि सम्भव भएको थियो । नेपाल १४ औं ओभरमा ८७-७ को स्थितिमा ब्याटिङ गरेका दीपेन्द्रले २ ९ बल खेली कुल ४ चौका र ३ छक्का प्रहार गरे । आठौं नम्बरमा उनी ब्याटिङमा आउनुअघि नेपाललाई १ सय रन कटाउन पनि धौ धौ परेको थियो ।

ओमानमा भइरहेको प्रतियोगिताको अघिल्लो दिन सेमिफाइनलमा १ सय १९ रनमात्र बनाउन सकेको नेपाल फाइनल पुग्न नसकी एसिया कपमा छनोट हुन बन्चित भएको थियो । नेपालले शनिबार हङकङविरुद्धको खेलमा पनि त्यही किसिमको प्रदर्शनलाई निरन्तरता दिएको थियो । नेपालको निराशाजनक प्रदर्शन कुशल भुर्तेलको ब्याटबाट सुरु भएको थियो । इनिङ्सको दोस्रो बलमा कुशल खाता खोल्नु अगाडि विकेट किपरलाई क्याच दिन पुगेका थिए । उनी लगातार तेस्रो खेलमा शुन्यमा आउट भएका हुन् । यूएईविरुद्धको सेमिफाइनलमा पहिलो बलमा आउट भएका भुर्तेल साउदी अरेबियाविरुद्ध पनि शुन्यमा आउट भएका थिए ।

अर्का ओपनर आसिफ शेखले पनि ५ रनमात्र बनाउन सके । तेस्रो नम्बरमा पठाइएका सोमपालले २ चौका प्रहार गर्दै ७ बलमा १२ रन बनाए । कप्तान रोहित पौडेल १९ बलमा २१ र सन्दीप जोरा २३ बलमा २१ रनमा आउट भए । जोरा र गुशलन झा (६) लगातार बलमा रन आउट भए ।

एक छक्का प्रहार गरेका कुशल मल्लले पनि १४ बलमा १३ रनमात्र बनाउन सके । ललित राजवंशी ३ बलमा २ रन बनाई अविजित रहे । नेपालले १७ ओभरको समाप्तीमा केवल ५ चौका र १ छक्कामात्र प्रहार गर्न सकेको थियो, जतिखेर नेपालको स्कोर १ सय रन थियो ।

# पूर्ववडाध्यक्षसहित ९ जनाविरुद्ध ज्यान मार्ने उद्योगमा जाहेरी दर्ता

विराटनगर (प्रस) ।विराटनगर महानगरपालिका-१४ का निवर्तमान वडाध्यक्ष बलदेव यादवसहित नौ जनाविरुद्ध प्रहरीमा ज्यान मार्ने उद्योगमा कटानी जाहेरी दर्ता भएको छ । पूर्ववडाअध्यक्ष यादवको निर्देशनमा विराटनगरको जतुवामा दिनदहाडै दुई युवामाथि ज्यान मार्ने उद्धेश्यले तरबार प्रहार भएको भन्दै प्रहरीमा जाहेरी परेको हो ।

गत चैत २९ गते यादवको योजनामा ९ जनाको समूहले विराटनगर-१४ का ४० वर्षीय सन्तलाल यादव र ३० वर्षीय प्रकाश यादवमाथि तरवार प्रहार गरेको पीडित पक्षको भनाई छ । तरवार प्रहारबाट सन्तलाल गम्भीर घाइते छन् । उनको अहिले पनि विराट शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

पीडित परिवारले तरवार प्रहारमा संलग्न भएको भन्दै पूर्ववडाअध्यक्ष बलदेवसहित त्यहीका ३४ वर्षीय शंकर भनिने रविन यादव, ४४ वर्षीय फुलेश्वर यादव, ३१ वर्षीय रोजौ भन्ने राजवेश यादव, ४६ वर्षीय उपनारायण यादव,



४२ वर्षीय शंकर यादव, ६५ वर्षीय धनपत यादव, ३२ वर्षीय दिपेश यादव र ६२ वर्षीय जोगीलाल भनिने योगीलाल यादव विरुद्ध इलाका प्रहरी कार्यालय रानीमा किटानी जाहेरी दर्ता गराएका छन् । उनीहरुमध्ये फुलेश्वर प्रहरी नियन्त्रणमा छन् ।

बिहीबार इलाका प्रहरी कार्यालय रानीमा किटानी जाहेरी दर्ता भएपछि बलदेव फरार छन् । उनी भारततिर गएको प्रहरीले आशंका गरेका छन् । पीडित परिवारले भने जाहेरीमा उल्लेख गरिएका प्रतिवादी गाउँमा खुलेआम हिडडुल गरिरहेको बताएका छन् । उनीहरुका कारण गाउँमा अहिले पनि त्रासको वातावरण कायमै रहेको घाइते सन्तलालका वावु पन्चलाल यादवले बताए ।

'दिनदहाडै तरवार हान्नेहरु गाउँघरमा खुलेआम हिडडुल गर्दा गाउँ नै असुरक्षित छ,' उनले भने, 'घटनाको मुख्य अभियुक्त तरवार प्रहार गर्ने ३२ वर्षीय दिपेश यादव हो । उनी अहिले खुलेआम हिँडडुल गरिरहेका छन् ।'

मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्कीले घटनामा संलग्नलाई कारवाहीको दायरामा ल्याउने बताए । उनले भने, 'किटानी जाहेरी दर्ता भएको छ । आरोपीलाई प्रहरीले खोजी गरिरहेको छ ।'

पूर्ववडाअध्यक्ष यादव यसअघि पनि कर्तव्य ज्यान मुद्दामा अदालतको आदेशमा धरौटीमा छुटेका व्यक्ति हुन् । विराटनगर-१४ का ५५ वर्षिय समानन्द यादवको हत्या आरोपमा मुछिएका यादवलाई २०७७ मंसिर ११ गते जिल्ला अदालत मोरङले ३ लाख धरौटीमा छाडेको थियो ।

विवाहको विषयमा विवाद हुँदा २०७६ साल जेठ ३ गते विराटनगर-१४ का तत्कालीन वडा अध्यक्ष लदेवको घरमा बसेको सामूहिक भेलाले त्यहीका ५५ वर्षीय समानन्द यादवमाथि निर्घात कुटपिट गरेको थियो । कुटपिटबाट घाइते यादवको एक महिनापछि मृत्यु भएपछि पीडित परिवारले घटनामा संलग्न भएको आरोपमा बलदेवविरुद्ध कर्तब्य ज्यान मुद्दा दर्ता गरेका थिए ।

# भाइको कुटपिटबाट दाईको मृत्यु

झापा(प्रस) । संखुवासभाको सभापोखरी गाउँपालिका-३, एथुम्बुमा गाउँमा भाइको कुटपिटबाट दाजुको मृत्यु भएको छ । एथुम्बुमा ३८ वर्षीय भाइ प्रवीण राईको कुटाइबाट ४१ वर्षीय दाजु सनमान राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक



अशोक जवेगुले बताए । शुक्रबार राति घरायसी विवादमा भाइ प्रवीणले कुटेपछि शारीरिक अपांगता भएका दाजु सनमानको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो । कुटपिटमा संलग्न प्रवीणलाई नियन्त्रणमा लिएर थप अनुसन्धान थालेको प्रहरीले जनाएको छ । शव परीक्षणका लागि जिल्ला अस्पताल संखुवासभामा राखिएको छ ।

# नेपालमा गर्मी बढ्दै

झापा(प्रस) । प्रिमनसुन सुरु भएयता नेपालमा गर्मी बढ्दै गएको छ । आउँदा दिनमा अझै गर्मी बढ्ने पूर्वानुमान छ । नेपालमा मे महिनामा बढी गर्मी हुने गरेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले शनिबार बेलुका सार्वजनिक गरेको २० स्थानको विवरणमध्ये भैरहवाको अधिकतम तापक्रम सबैभन्दा बढी ४३.६ डिग्री सेल्सियस मापन गरिएको छ । शुक्रबार भैरहवाको अधिकतम तापक्रम ४१.९ डिग्री सेल्सियस थियो ।

यस दिन काठमाडौंको अधिकतम तापक्रम ३२.१ डिग्री सेल्सियस मापन गरिएको छ । शुक्रबार काठमाडौंको अधिकतम तापक्रम ३१ डिग्री सेल्सियस थियो ।

शनिबार नेपालगन्जको अधिकतम तापक्रम ४०.६, सिमराको ४०.३,



धनगढीको ३९.८, जनकपुरको ३९.४, वीरेन्द्रनगरको अधिकतम तापक्रम ३८.५ डिग्री सेल्सियस मापन गरिएको महाशाखाले जनाएको छ । महाशाखाका अनुसार शुक्रबार नेपालगन्जको अधिकतम तापक्रम ४०.७, सिमराको ३६.२, धनगढीको ४०.६, जनकपुरको ३८, वीरेन्द्रनगरको अधिकतम तापक्रम ३८.१ डिग्री सेल्सियस मापन गरिएको थियो ।

शुक्रबारको तुलनामा शनिबार नेपालगन्ज, धनगढीको तापक्रम थोरै घटेको देखिन्छ । पश्चिमी र स्थानीय वायुको प्रभावका कारण मौसममा बदली हुँदा केही स्थानमा तुलनात्मक रूपमा तापक्रम थोरै घटेको महाशाखाले जनाएको छ । महाशाखाले हरेक दिन बिहान पौने ९ बजे न्यूनतम र बेलुका पौने ६ बजे अधिकतम तापक्रम मापन गरी वेबसाइटमार्फत विवरण सार्वजनिक गर्ने गर्छ ।

# रसिक...

भोजपुरे कसरी खुट्टयाउने?"

मैले भनेँ, "लामो नाक हुने भोजपुरे!"

रसिक र भोजपुरे मात्र होइन, उर्मिला र निर्मलालाई छुट्याउन पनि मानिसलाई हम्मे पर्न थालेको थियो। उर्मिला र निर्मलालाई सबैभन्दा पहिला र बढी प्रसिद्धि दिने गीत थियो, 'रनबन घुमी, बनबन डुली, काफल पाक्यो बोल्छ चरीले...।'

(शब्दः गणेश रसिक, संगीतः भोजपुरे, रसिक।)

काफल पक्यो गीतको प्रसिद्धि पछि निर्मलासित मैले थुप्रै युगल गीत गाइसकेकी थिएँ। जस्तैः ऐया नि आमै म मरें बहैले (संकलनः लक्ष्मीदेवी श्रेष्ठ), घर मेरो पाटन गारो भयो जिन्दगी काटन (संकलनः हरिबहादुर रंजितकार)। यी दुवैका साथै अरू पनि थुप्रै गीतहरूले हामी दुइटैलाई चिनाउने क्रम बढ्दो थियो। रसिक-भोजपुरे, जोरसोरका केही लोकप्रिय गीतहरूः

ए है है, आज भेंडबाख्रा कता लाने, रातो भाले...कुकुरी काँ, काले काले मिलेर खाउँ भाले, म त तेस्तो हैन हजुर पीरतिले जोगी बनायो, यता हेर सानी नानी केहि भन्छु सुन, (संकलनः चन्द्रकला शाह), नबस झ्यालैमा फूल भनि टिपौंला, ए माइला, के साइँला, काँको दर्जी भनौला विष्ट, सैसै सैसै हाम्रो झाँक्री नाच्दै आयो।

र यस्तै प्रसिद्ध गीत धेरै नै छन्।

लाग्छ गणेश रसिक लोक र वर्तमान युगवोध बोकेका शब्द-संगीतशिल्पी हुन्। लेकालीमा छिरेपछि रसिकको गीतसंगीत बढी प्रायोगिक बने। लेकालीले त्यतिखेर बाहिर ल्याउन नसकेका गीतहरू धेरै थिए र छन्। हामीले गैर लेकालीका गीत गाएको गन्ति कमै होला। हामीबीचका शब्द-संगीतमै रम्थ्यौं। अरूको गीत गायो भने बिछुक लाग्ला झैं गरि उतर्सिन्थ्यौं।

र पनि हामीले हेम हमालका दुइटा गीत गाएका छौं। एउटा भोजपुरेजीको संगीतमाः

तिम्रो आँगनमा दिनभरि पहरा बस्न सक्छु,
तिम्रो न्वारानको दिनमा आंखाभरि घाम बन्न सक्छु।

यस गीतमा नायक गायक स्वर हुने गर्थ्यो, इन्द्रनारायण मानन्धरको! अर्को गीत गणेश रसिकको सांगीतिक जलप लागेको गीत हो।

ओ, पर्यटक
यो शहर छोडी जानुभन्दा पैले
ओ पर्यटक
यो शहरको मान्छेलाई भेटेर जानु...।

यी दुबै गीत हेम हमालका। उच्च साहित्यिक उच्छवास बोकेका गद्य गीत। हेम हमालले धेरैका लागि गीत लेखेको साक्ष्य मसित छैन। हो, बच्चु दाइ अर्थात बच्चुकैलाश दाइले भने उनका गोडा दुइतिनेक गीतमा संगीत राख्नुभएको मलाई हेक्का छ। तीमध्ये यौटा गीत हो,

निठुरीलाई पर्खि बसी
बित्यो मेरो जीवन जति
सुनसान र मौन संधै नै
मेरा जीवनका गति!

अरु गीत बिर्सें। बच्चुकैलाश दाइ सितिमिति अरुको गीत गाउँदैनन्। न आफ्ना गीत अरुलाई गाउन दिन्छन्। पुष्प नेपाली दाइसितको हेमखेम बेग्लै खाले हो। तर किन र कसरी हो हेम हमालका सुरम्य शब्दहरूमा बच्चु दाइबाट अनन्य संगीत सिर्जना भयो र ती गीतमा स्वर भर्ने शौभाग्य पाए गायक पीएल श्रेष्ठले।

गणेश रसिकले वासु शशीको गीतमा पनि मार्मिक संगीत भरी मनोरम स्वर सम्पन्नता दिएका छन्, तिमीलाई मैले....।

गणेश रसिकका सबैजसो गीत मलाई मन पर्छन्। उनले भोजपुरेजी र मलाई 'ड्वैट' गाउन लगाए।

रानीको रुमाल देशी भो जीउ भन्दा माया बेसी भो
के गरूं लौन नि सोल्टिनी हजुर...।

शायद यो गीत भोजपुरेजी र मैले गाएको पैलो र अन्तिम 'ड्वैट' गीत हो।

मैले धेरैजसो समूह र 'ड्वैट' गाएकी छु। गीतसंगीतमा भोजपुरे र रसिकले मलाई एकलकाटे लठारोभित्र बांधेजस्तै भो! उनीहरू दुईबाट उम्केको भनेको भोजपुरेको गीत र नातिकाजी दाइकौ संगीतमा मैले गाएको गीत 'तिमीलाई भनेर हो यो माला गाँसेको...।'

त्यस्तै, भोजपुरे-रसिक इतरका संगीतकारमा गणेश परियार पर्छन्। संकलकमा पाण्डब सुनुवार रहेका छन्। सीके रसाइली दाइसित पनि एउटा गीत गाउन पुगेछु भोजपुरेको संगीतमा, 'एक बनौं, हामी एक बनौं...।' तर मेरा पहिलो साङ्गीतिक गुरु भने हुतराज शर्मा हुन्। रसिकजीहरूलाई भेट्न अघिका।

गणेश रसिकलाई उभ्याउन मसित धेरैधेरै शब्दहरू छन्। तर उनलाई मैले उभ्याइरहनु पर्दैन। ठडिइसकेकालाई अझ के ठड्याउनु र!

गणेश रसिकले सोंचेका पनि थिएनन् होला आफू यति उच्च स्थानमा पुग्छु भनेर! गाँस, बास सामान्य नाम भए पुग्छ जस्तो लाग्थ्यो होला उनलाई, अलि अलि गाएर र साहित्यमा लागेर। तर उनको आकांक्षाको उच्छ्वासले उनलाई पूर्णविराम दिन मानेन! र उक्लँदै गयो, उक्लदै उक्लँदै उनी अझ उँभो जाँदै छन्। अब सानोतिनो मापकले उनलाई नाप्न सक्दैन।

हिरण्य भोजपुरेको त्यस्तै खाले विगत र आगत छ। बिचरा उनी भन्ने गर्छन्, "म उपसचिवभन्दा माथि उठ्न सकिन...!" तर सरकारी जागिरमा उपसचिव कमको पद हो र? उनकी स्वास्नी सचिव हुँदैमा पद ठूलो-सानो हुने हो र! फेरि भोजपुरेको उचाइको मापन कल्ले गर्ने! भनिरहनु नपर्ने, बहुप्रतिभाशाली। बहुउन्नयनशील! स्वर, संगीत र साहित्यका अनन्य उर्जा!!

अनि मैले आफूबारे भन्नुपर्दा, लाग्छ म बिचरी हुँ। बिचरी पखेटा र निडविहीन चरी। बिचरी...म! र पनि म आफ्नै उफानमा उडें। मेरो सोंच कहिले हुँडलिएन, मैले माथिमाथि पुग्नुपर्छ भनेर।

इमान्दारी र कार्य कर्तव्यनिष्ठालाई आफ्नो गन्तव्य बनाएँ। म उठ्दै गएँ। मैले सपनामै नदेखेको दिन देखेँ।

म शाखा अधिकृत हुँदै उपसचिव, सहसचिव, विशेष सचिव हुँदै सचिवसम्म भएँ। जागिरको म्याद सकिएपछि मलाई बनाउनेले लोकसेवा आयोगको सदस्य बनाए। रोलक्रम अनुसार सबै 'क्राइटेरिया' पुगेकौ म लोकसेवा आयोगको अध्यक्ष बन्नुपर्ने। त्यतिखेरै मलाई 'ब्रेस्ट क्यान्सर' भो र कुजिएँ! त्यही कारण देखाएर शायद अध्यक्ष पद दिएनन्। तर मलाई क्लेश छैन। जुन ठामसम्म पुगेँ, मैले विश्राम गर्ने गन्तव्य त्यहींसम्म थियो!

म उर्मिला श्रेष्ठलाई आज धेरैले चिन्दैन। तर 'काफल पाक्यो' मन्ने गीत गाउँने मानिस 'मै हुँ' भन्दा धेरैले चिन्छ र मलाई लाग्छ, म सचिव हुनुभन्दा ठूलो पहिले मानिस हुँ...!

लेकाली अहिले भने दुर्दशामा छ। हेर्नु त! निकै अघिको कुरो। म 'ब्रेस्ट क्यान्सर'बाट बचेँ। भोजपुरेजी हृदयघातबाट बच्नु भो। सुन्छु न्हुच्छेबहादुर डंगोल भाइ चाँदीको करङबोक्दै थुप्रै ड्रम र मादल बजाउँदै हिंड्दै छन्। शशि भण्डारी, इन्द्रनारायण, कमलाहरू त हराएर गए नै। अहिले आएर गणेश रसिक दूर्दान्त क्यान्सरबाट पीडित छन्। म ताजा मुटुरोगबाट।

अनि अलिअलि स्वस्थ भोजपुरेजी हामीलाई टुलुटुलु हेर्दै 'म ठीक छु' भन्दै ठमठम हिड्दै गरेको देख्दै छु। नवीन किशोरको त्यस्तो खास केही सुनिएको छैन।

फ्यातुल्ले लाग्छ, हामी ज्यूँदा लेकाली 'फ्यान्तुल्ले' (यो शब्द भौजपुरेजीबाट साभार) छैनौं र मृत्युलाई लखेट्तै शतकलाई पछि पार्न उद्धत गर्दै छौं। मृत्युले मलाई पनि त झन्नै लगेका। तर म मरिन त! भोजपुरेजी भन्छन्, म 'जियाद्रो' रे!

जियाद्रो मानिस सितिमिति मर्दैन रे' उनका लेखा म, उनी अनि रसिकजी जियाद्रा रे! हिर्दोक। मर्नै मन नपराउने!!

यो आलेखलाई बिट मार्नुअघि हामी तीनबीचको सानो सम्झना अघि सार्छु है!

तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान। हरेक वर्ष नेपाली कविता महोत्सव हुने। रसिकजी र भोजपुरेजीले त बिर्सि पनि सके होलान्। २०२६ सालको महोत्सवमा भोजपुरजीले तृतीय पुरस्कार पाए। २०२७ सालमा मैले पाएँ दोस्रो पुरस्कार। २०२८ सालमा त रसिकजीले पड्काए प्रतिष्ठानको पहिलो पुरस्कार।

रसिकजी, चाँडै पूर्ण स्वास्थ्यलाभको कामना गर्दछु! तपाईं डराउने मानिस होइन। र पनि भन्छु- रोगदेखि तपाईं नडराउनुस् ! म पनि डराउन्न!!

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## मृत्युको भय



• कुमाराज सुबेदी

हिजो
टहलिदै गर्दा
देखेँ
अचानक एउटा सुन्दर छेपारो
बाटो काट्दै गर्दा
चिप्लो बाटोमा
खस्रो टायरमुनि
मृत्युवरण गर्‍यो
मन खिन्न भयो

आज
म खाना बनाउँदै छु
तरकारी काट्दै गर्दा
हरियो किरा सँगै काटियो
छोएँ
धारिलो चक्कुले
मन खिन्न छ

भोलि
गढिमाईमा मेला लाग्नेछ
धेरै पशु बलि चढ्ने छन्
वा भनौं चढाइने छन्
आस्थाका निम्ति-
सुन्दा
देख्दा
र
पढ्दा
मन खिन्न हुनेछ

म
अशान्त मनसँगै
यी हरफहरू पढ्दैछु-
रिभिलेशन २१:४ भन्छ'
यशूले विश्वासीहरूको
आँशु पुच्छ्नु हुनेछ
र मुत्यु कहिल्यै हुने छैन-
न त शोक, न त पीडा नै हुनेछ
अतितका सबै कुरा बितेर जाने छन्।

भागवत् गीता अध्याय २ श्लोक २७ भन्छ'
जसले जन्म लिन्छ
उसको मृत्यु निश्चित छ
र,
जो मरेको छ
उसको जन्म निश्चित छ
त्यसैले,
कर्तव्य पालनामा शोक मान्नु हुन्न

बुद्ध भन्छन्'
घृणा भाव त्याग्नेले वास्तविक शान्ति प्राप्त गर्दछ

मृत्यु!
म तिम्रो बोध गरिरहेको छु
मृत्युवरण नगरिकन
पुनर्जन्मको कल्पनाको मल्हम लगाउँदै
घृणा नगरिकन तिमीलाई

शान्ति,
शान्ति,
शान्ति।

गजल

## न हेरूँ



• नीलहरि काफ्ले

जुटेको हेरूँ म टुटेको न हेरूँ
आफन्तै आफन्त छुटेको न हेरूँ

कसैका नझरुन् नयनबाट झरी
चेलीको अस्मिता लुटेको न हेरूँ

कुकृत्य नगरी स्विकार्न नपरोस्
सत्यमा असत्य जुटेको न हेरूँ

आफैँले चुसेको छातीमा टेकेर
अंशले वंशलाई कुटेको न हेरूँ

हे आमा धरती चाहना छ मेरो
लुटेको टुटेको फुटेको न हेरूँ !

# श्रीमानको अफेयर !



• अच्युत शाली घिमिरे

मालती घरकी गृहिणी थिइन्। घरको चारकुनाभन्दा बाहिर भव्य संसार उनले कहिल्यै देखिनन्। भयंकर ठूलो विश्वासमा अडिएर मालतीले श्रीमानलाई भगवान र छोराछोरीलाई वरदान मान्दै आइन्।
यस्तै अन्धविश्वासले बाँधेपछि बन्द हुँदा रैछन् खुल्न सक्ने विवेकका सूत्रहरू पनि। पढ्न र बुझ्न सकिने महाविद्यालयहरू पनि। सम्बन्ध नै किन नहोस् त्यो निकै नहुने क्यान्सर बन्दै जाँदो रैछ।
हाय! अब कसरी पो उठ्ने, कहाँ अडेस लाएर उठ्ने? एकदिन यस्तै भयो मालतीलाई जब देखिन् श्रीमानको च्याटबक्समा अन्तरंग कुराकानीहरू कुनै अपरिचित केटीसँग।
अनपढ श्रीमती छे घरमा भनेर सोच्ने श्रीमानलाई थाहा थिएन प्रविधिको पहुँचले श्रीमतीलाई पनि सत्य खोज्ने सामर्थ्य जुटाइदिई सक्यो भन्ने कुरा।
त्यस दिन मालतीलाई आकाश पूरै कालो बादलले ढाकेजस्तो भयो। भुइँचालो उनले टेकेकै जमिनमा आएजस्तो भयो। हेर्दै जाँदा त्यो केटीको उमेर छोरीसरह कै रहेको जब थाहा पाइन् आफ्नै श्रीमानले आफ्नो छातीमा गोली बर्साएजस्तो भयो।
मालती र उनका श्रीमानको दुई सन्तान एक छोरा एक छोरी थिए। छोरा सानै थियो पाँच क्लासमा पढ्थ्यो भने छोरी पोखरामा चिकित्सा विज्ञानमा स्नातक पढ्थिन्। श्रीमान विद्युत प्राधिकरण शाखाका हाकिम थिए। अक्सर सानो छोरालाई हेरबिचार गरेर घरमा बसिरहने मालतीले आफू र श्रीमान बीचको सम्बन्ध आँखी झ्यालबाट उदाङ्गो भएर कहिले ठूलो भ्वांग बन्यो पत्तै पाइनन्।
शारीरिक सम्बन्धबाट मालती र श्रीमान धेरै पर थिए। सायद श्रीमानलाई पुगिसकेको थियो। त्यसैले त अफिसमा लेट नाइट मिटिङको बहाना पारेर ढिलो घर आउँथे श्रीमान। श्रीमानको अफेयरबारे त्यो च्याटले सबै कुरा पारदर्शी बनाइदियो मालतीलाई।
एकबिहान श्रीमान कामको सिलसिलामा पोखरा जानु छ भनेर घरबाट निस्किए। तर अफिसका अरू स्टाफहरूसँग मालतीले बुझ्ने कोसिस गर्दा त्यहाँ कुनै काम नभएको जानकारी पाइन्।अनि उही शंकाको गहिराइले आकाश छोयो मालतीको। त्यो निकै निस्सासिँदो गहिराई थियो। त्यो गहिराइमा हरेक क्षण मालती तैरिँदै सास फेर्ने कोसिस गरिरहेकी थिइन्। डाक्टर बन्दै गरेकी छोरी छे अनि सानै छोरा छ, एउटा फक्रिँदै गरेको परिवार कसरी च्यातचुत पारेर उनी अर्को संसार खडा गर्न सक्थिन् र?
सोच्दा पनि मनभित्रै ठेलमठेल गर्थे विचारहरूले। कतै अर्ति सुनिन्थ्यो भित्रै त कतै घुर्की सुनिन्थ्यो। आफ्नै आँसुले आफू टेक्ने धरातल समुद्र भइसक्दा समेत सम्बन्धलाई सिंगारीपटारी बस् है भन्दै गिज्याउँथ्यो मनको एउटा कुनाले।
पोखरा गएको दुई दिन बितिसक्दा समेत खोजखबर नआएपछि फोन गरिन् मालतीले श्रीमानलाई। फोन उठेन। सम्बन्धको घरबाट एउटा इँटा चोइटिएर मालतीको थाप्लोमा लाग्यो। ठूलो सास फेरिन् मालतीले अनि आफूलाई थपथपाइन्। चार दिन बित्यो श्रीमानको फोन अझै उठेन बरू छोरीको फोन आयो।
रुँदै रुँदै फोन गरेकी छोरीले सुनाइन्, 'आमा, बाबालाई मैले यहाँको एउटा प्राइभेट हस्पिटलमा देखेको थिएँ। हाम्रो त्यहाँ क्लिनिकल पोस्टिङ थियो। टाढाबाट हेर्दा त बाबालाई मैले चिनिनँ।मास्क लाएर एउटा म जत्रै केटीलाई हातमा समातेर ल्याइराख्नुभाको थियो। सोचें, बाबा नभएर अरू कोही मान्छे होला। बाबा यति बेला पोखरा किन आउनुहुन्थ्यो होला र? आए त मलाई फोन गरिहाल्नुहुन्थ्यो नि! मलाई भेट्न बोलाइहाल्नुहुन्थ्यो नि! म यस्तै कुरामा ढुक्क भएर सिकाइका क्रियाहरू गर्न ओपिडीमा छिरेको थिएँ। तर बाहिरबाट एउटा आवाज आयो त्यो बाबाकै थियो। मैले यकिन पनि गरेँ। कानलाई कुनै भ्रम भयो कि भनेर मैले सानो प्वालबाट चिहाएर पनि हेरेँ,बाबा नै हुनुहुँदो रैछ। अनि समय नाघिसकेको गैरकानुनी एबोर्सन गराउन दबाब दिँदै हुनुहुन्थ्यो। मैले सबै देखें र सुनें पनि। तर त्यहाँ एबोर्सन गर्न मानिरहेका थिएनन्। त्यो केटीको हात समातेर बाबा त्यहाँबाट रिसाएर जानुभाथ्यो। म यी सबै कुरा सहन नसकेर बिदा लिएर होस्टेल आएकी छु। म हजुरलाई भेट्न भोलि नै काठमाडौं आउँछु आमा! मेडिकल कलेजभन्दा बाहिरको हस्पिटलमा पनि हाम्रो पोस्टिङ हुने कुरा बाबालाई थाहा रहेनछ नत्र छोरी रहेकै सहरमा आएर बाबाले यो हर्कत गर्नुहुँदैनथ्यो होला।'

यति सुनिसकेपछि मालती ढलिन्। भुइँचालो नआइकनै ढल्यो इँटाको सम्बन्धको घर र त्यही इँटाको थुप्रोले पुरिरह्यो मालतीलाई। हारगुहार पनि मागून् कोसँग? जहाँ आफ्नै भन्नेले नमेटिने घाउ दिएको थियो मुटुमा।

आफूलाई झिल्का झिल्काले पिरोलिरहेको कुरा जब छोरीको कानसम्म समेत पुग्यो यसले जति हार, दुःख र आँसु दियो मालतीलाई त्यसको क्षतिपूर्ति अब श्रीमानले दिनै सक्दैनथे।
भोलिपल्ट छोरी पुगिन् घरमा। दुवैले अंगालो मारे। सँगै बसेर रोए। सकभर आफू नचोइटिएको देखाउन प्रयास गरे। तर सकेनन्। सानो भाइ पनि दिदीकै अंगालो हालेर नबुझिकनै रोइदियो।बेलुकी रात परेपछि त्यही दिन श्रीमान घर पुगे। छोरी त्यहीँ देखेपछि, ओहो! कहिले आयौ? बाबालाई खबर पनि गरेनौ? जस्ता पुलकित प्रश्नहरू तेर्साए। तर मालती र छोरी चुपचाप थिए।एकछिन सानो छोरासित गफमा अल्झिएर श्रीमान भोकै विस्तारामा पल्टिए। किनकि त्यो दिन त्यस घरमा भात पाकेन। त्यस रात बाबाको पकेटमा एउटा चिठी छोडेकी थिइन् छोरीले जहाँ लेखिएको थियो, 'बाबा! यो अन्तिम सम्बोधन हुनेछ सायद तपाईंलाई किनकि तपाईं अब मेरो सम्बोधनको लायक नै रहनुभएन। आवश्यकताभन्दा बाहिरको जुनसुकै सम्बन्ध पनि विषाद हुन्छ भनेर सिकाउने तपाईं नै आज त्यो विषादीले ग्रस्त भएको देख्दा अचम्म परेँ। तर म तपाईंकी छोरी मात्र होइन एक नारी पनि हुँ र घरबाटै आवाज बनेर उठ्न सक्ने नारा पनि हुँ। तपाईंले हेक्का पाउनुभएन सायद। मैले थाहा नपाइन्जेल आफैँभित्र यी सब कुरा गुम्साएर भित्रभित्रै जलिरहेकी मेरी आमालाई अब पनि यही अवस्थामा मैले राखें भने म जस्तो पापी यो संसारमा अरू कोही हुँदैन होला। तपाईं सँगको लडाइँ अब सुरू हुनेछ। यो लडाइँ तपाईंजस्ता घरभन्दा पर सम्बन्ध राखेर छोरीको उमेरका केटीहरूसँग विछ्यौनामा पल्टनेहरूका विरूद्ध हो। ती कोही पनि बा बन्न वा भनिन लायक छैनन्।

तर मेरो अन्तिम बिन्ती छ, म जत्रै उमेरकी त्यो केटीको कोखमा हुर्किरहेको सन्तानलाई संसारमा आउन दिनुहोला। कतै पैसा खुवाएर एबोर्सन गराएर पापमाथि पाप आफूमा नथोपर्नु होला।भोलि त्यो सन्तानले पनि त कुनै दिन तपाईंका विरूद्ध शान्तभावमा संघर्ष त गर्ने नै छ। सूर्यको उज्यालो केही सापटी लिएर बाँचेकी चन्द्रमा जस्ती थिइन् होला मेरी आमा यतिन्जेल यो दुनियाँका लागि। तर अब ग्रहहरूको साम्राज्यबाट बाहिरिएको प्लुटो जस्तै पतित्वको अस्तित्व नै नहुँदा केहीबेर अन्धकारमा हुन्छिन् होला मेरी आमा तर बाँच्न सिक्नेछिन्, सक्नेछिन्।
विस्तारै छोरीको साथ पाएर फेरि चम्किनेछिन्,आफ्नै रापतापमा सूर्यजस्तै। यो कुरा मैले प्रमाणित गर्नुछ।'
भोलिपल्ट मालतीले श्रीमान सँगको डिभोर्स फाइल गरिन् अदालतमा। त्यसदिन वर्षौंको निद्राबाट ब्युँझिएझैं लाग्यो मालतीलाई। छोरीको साथ पाएपछि विस्तारै रित्ता भएका मुस्कानहरू फिर्दै गए मालतीका ओठहरूमा। श्रीमानको लहैलहैमा लाग्दा सुस्त सुस्त अरूकै इसारामा फेरिने श्वास बनेकी मालती, छोरीको साथ पाएपछि आँधी बनेकी थिइन्। सगरमाथामा पहिलो पाइला टेक्ने पासाङ ल्हामू जस्तै आफ्नै श्रीमानको अहम र निकृष्टता विरूद्ध पाइला टेक्ने मालती पनि कम हिम्मतवाली थिइनन्। डिभोर्स भएपछि त्यो बडेमानको घर छाडे मालती, छोरी र छोराले। अनि आफ्नो नाममा परेको जग्गामा सानो पसल बनाएर लुगा सिउने काम गर्न थालिन् मालतीले।
कर्तव्य उन्मुख जागरणले मालतीमा त्यो ठूलो घरको सान मान हटाइदियो। आफ्नो इलम र मेहनतमा बाँच्न सक्ने मालतीले छोरीलाई डाक्टर बनाइछाडिन् र डाक्टरकी आमा भनेर चिनिएकी छिन्। मालतीको टेलरमा भिड लाग्छ आजकल। उनी कपडा मात्र सिउँदिनन्, बिनासित्ती घमण्डले उध्रिएको सम्बन्धलाई नयाँ सिराबाट सिउन र बेफिक्री जीवन जिउन सल्लाह समेत दिन्छिन् ग्राहकहरूलाई।

# दु:स्वप्न



• भाउपन्थी

यो कथा सत्य घटनामा आधारित छ। स्थान र समय कथाअनुकूल हुने गरी परिवर्तन गरिएको छ। पात्रहरूका नाम परिचय लुकाउन फेरिएका छन्।

यस्तो पहिलो पंक्ति लेखिसकेपछि विदुरले अर्को पंक्ति लेख्न सकेन। केको सत्य घटना ? ठगेर लेख्ने घटनै छैन। उसले भोगिरहेछ। यी सबै के सत्य होइनन् ? तैपनि, पत्याउँदैन कसैले। नपत्याए पनि उसले केही त लेख्नु छ।ऊ आत्महत्या गर्न गइरहेको छैन, जसका लागि सुसाइड नोट लेखोस्। यो त दैनिक भोगिरहेको घटना हो। सत्य घटना भने पनि झुटो घटना भने पनि उसले भोगिरहेको छ। ऊसँगै अरूले पनि यसरी नै भोगिरहेका होलान्।अहिलेलाई यति मात्र भनिराखौँ- विदुरले जे लेख्न गइरहेछ, त्यो अत्यन्त सत्य हो। आधाआधी सत्य होइन। अर्द्धसत्य। जस्तै, उसकी छोरी गायब गरिएकी छ। छोरी चौध वर्षकी थिई। थिई भन्न बाध्य छ। जिउँदो/मरेको थाहा हुन सकेको छैन।

छोरी हराएको हप्ता दिन भइसक्यो। सम्बन्धित निकायको कानमा हावा लागेको छैन। छोरी कहाँ छे, के हालतमा छे, मारिइसकी वा जिउँदै छे, त्यसबारे कुनै खबर छैन।
विदुर चकित छ र अफसोसमा छ, छोरीको अपहरण किन गरियो ? कसले आँखा लगाइराखेको थियो, को पशुले ? कसले गर्‍यो अपहरण र ककसले गरे कुकर्म ? त्यसको पनि पत्तो लगाउन सकिएको छैन। खोजी हुँदै छ र अपराधी उम्कन पाउने छैनन् भन्ने भनाइ मात्र आइरहेछ अखबारहरूमा सम्बन्धित अनुसन्धान अधिकारीहरूको। उसले लिखितमा छोरी हराएको सूचना दर्ता गराइसकेको छ। पहिले निवेदन दर्ता गर्न आनाकानी गरिरहेका थिए। भने, 'कसैसँग भागी होला ! राम्ररी पत्ता लगाएर यकिन भएपछि रिपोर्ट लेखाउन आउनोस्। अहिलेलाई जानोस्।'
यिनीहरू रिपोर्ट लेख्न आनाकानी गरिरहेका छन्, उता विदुरलाई लागेको थियो- छोरीलाई निश्चय पनि अपहरणकर्ताहरूले अज्ञात ठाउँमा लगेर लुकाएका छन्। छोरी बलात्कृत...।

उसले अगाडि सोच्न सकेन, आङ सिरिङ्ङ भयो। आँखाअगाडि अँध्यारोले ढाक्यो। छोरी अवश अवस्थामा छे। कुकर्मले क्षतविक्षत अवस्थामा छे। कतिजनाले पालैपालो कुकर्म गरे ?
बाउ हुनाको नाताले उसले धेरै बीभत्स कल्पना गर्न सकेन। ती कतिजना थिए, जजसले उसको छोरीलाई मिलेर अपहरण गरे, अज्ञातमा लगे र पाशविक वासना शान्त गरे ?
अनि ? अनि पछि सोच्न सकिने अवस्था थिएन। किन अपहरण गरियो भनेर भन्नलाई कारण खोलिरहनुपर्ने थिएन। छोरी हो र उसको अपहरण भएपछि किन गरियो भन्ने प्रश्न निरर्थक हुन्थ्यो।
छोरीहरू के कारण अपहरित हुन्छन् र उनीहरूको अवस्था कस्तो हुन्छ भन्ने उत्तर निर्मम हुन्छ। फेरि, उसले यो सत्य घटना हो भनिरहनु परेन। सत्य त भइरहेको छ। छोरी उसकैकी थिई र उसैको अपहरण भएको थियो।
छोरीलाई अपहरण गरेर लगेपछि उनीहरूले फिरौती मागेनन्। फिरौती माग्दा हुन् त उसले केही रकम जम्मा गर्न सक्ने थियो। छोरीको जीवनमरणको सवाल थियो, भएको जग्गाजमिन बन्धक राखेर भए पनि रकम उपलब्ध गराउने थियो।

फिरौती नमागेपछि किन अपहरण गरियो भनेर जवाफ मागिरहनुपर्ने थिएन। पक्कै पनि उनीहरूले छोरीलाई कुनै अनकन्टार जंगलतिर लगेको हुनुपर्छ।
अनकन्टार जंगलको कुनै छाप्रोमा वा यतै कतै मध्यसहरको बिल्डिङमा। अरूले थाहा नपाऊन्, जहाँ लगे पनि भो। एउटी असहाय र अबला नारीलाई डरत्रास देखाएर मनपरी गर्न सकिने थियो। नकरा, कराइस् भने मारिदिन्छौँ भनेर तर्साउन सकिन्थ्यो।
पिक्चरमा देखाएझैँ पाखुरामा मर्फिन वा हेरोइनको नशाको इन्जेक्सन दिन सकिन्थ्यो। त्यसले छोरी लठ्ठ परेकी हुनुपर्छ। होसमा नरहेकी हुनुपर्छ। बेहोस उसलाई अपराधीहरूले मनपर्दी पाशविक व्यवहार गरे होलान्। होसमा आएपछि छोरी चिच्याइहोली, कराइहोली– बाबा, बाबा ! आँसु बगाइराखी होली। जिउका लुगा सबै धुजाधुजा पारिएका होलान्। त्यतिले पनि अपराधीहरूको पाशविकता सन्तुष्ट भएन होला। छोरीले थाहा पाइहोली, अब जीवनको आस छैन। उसलाई मार्ने हुन्। मारेपछि जंगलमा लगेर फालून् वा अंगअंग काटेर बोरामा हालेर बीचबजारमा फालून्, फरक पर्दैन। जंगलमा लास सडेपछि भेटिने गरेको छ।
समाजमा अपराध प्रवृत्ति बढेर गएको छ। अपराधीहरू शिष्ट आवरणमा छन्। अशिष्ट आवरणमा भएका अपराधीहरू पनि छन्। शिष्ट/अशिष्ट दुवै छोरीहरूका पछि लागिरहन्छन्। मौका हेरिरहन्छन्। कुन बेला मौका पर्छ र मुसालाई बिरालोले नङरिला पन्जाले झ्याप हानेझैँ हान्ने हुन्।
बलात्कार बढेर गएको छ। निर्दोष बालिकाहरू जताततै बलात्कृत भइरहेछन्। कतैबाट सुरक्षा छैन, अभयदान छैन। सबै रमिता हेर्नमै व्यस्त छन्। मानौँ, कसैलाई कत्ति पनि सरोकार छैन। छोरी एउटी थिई, त्यो पनि हराई। बलात्कारीहरूको सिकार त भइहोला। कि अर्को समभावना एउटा यो छ, विदेशतिर लगेर बेचिने। वेश्यालयमा वा घरेलु नोकरको हैसियतमा बसेर दिनरात मालिकबाट बलात्कृत भइरहने।
बलात्कार पनि एउटा अपराध हो, तर त्यसको रोमाञ्च अर्कै होला खुँखार अपराधीहरूका लागि। अपराधजगत्मा बलात्कार सहज अपराध मानिन्छ। बलात्कार गर्‍यो, मार्‍यो जंगलमा फालिदियो। कसैको चासो रहँदैन।
अपराधका साक्षीसूत्र मेटाउने ज्ञान अपराधीहरूमा बढेर गएको छ। सबै अपराधीहरू उसकै छोरीको पछिपछि लागेर छोरीको सिकार गर्ने ताकमा देखिन्थे।
समयमै उसले चेत गरेन। समाज शिष्ट, सभ्य भएको गलत धारणा लिएछ। समाजमा अपराधको चाहना बढेर आएको छ। अपराधमै सहजता देख्न थाले। बलात्कारलाई पनि सहजताका साथ पूरा गर्न सकिने अपराध मान्न थाले। नारीमाथि पुरुषको आक्रमण सधैँ सहज रहेको छ।
अपराधीहरूले कसरी अपहरण गरेर लगे विदुरकी छोरीलाई ? विदुरको चिन्ता थियो- मेरी छोरीलाई कता पुर्‍याए ? कारमा हालेर कि लगे कि ट्याक्सीमा ? डाक्टर बन्ने आकांक्षी थिई। सपना बीचैमा टुट्यो।
आमाबाबुको सपना पनि त्यही थियो, सेतो कोटमा घाँटीमा आला झुन्ड्याएकी। छोरी राम्री थिई। हँसिली र मिलनसार। आमाबाबुलाई आफ्ना सन्तान राम्रा लाग्छन्। राम्रा सन्तान राम्रै हुन्छन्, यो तथ्य पनि थियो। छोरीमाथि कुन क्षण कुन अपराधीका आँखा लागे ?
खोजी हुँदै छ भनियो। सत्तामा बसेका नेता, उच्च ओहदाका प्रहरी, पदाधिकारी र सामाजिक कार्यकर्ताका शरणमा गयो विदुर। पत्नी पनि गई। रोएर लाचारी देखाएर छोरी खोजिदिन भनियो।
खोजी हुँदै छ, चिन्ता नलिनुस् भनियो। जसको पनि आश्वासन त्यही थियो। उनीहरूले गर्न सक्ने केही थिएन। सुराकी लागिरहेको थिएन। छोरीलाई के धर्तीले निल्यो ? अपराधीहरू सधैँ एक कदम अगाडि हुन्छन् भन्ने भनाइ साँचो देखियो। तर, कुनै दिन कुनै जंगलमा एउटी बालिका वा किशोरीको क्षतविक्षत शव भेटियो भन्ने समाचारको प्रतीक्षाबाहेक अरू काम रहेन समाजको।
त्यस्तो समाचार कति जागरूक भएर सुन्न प्रतीक्षारत रहने ? जिन्दगी भीरमा अडिएको अनुभव भयो विदुरलाई। एक सानो धक्का मात्र बाँकी। त्यसपछि जिन्दगी अतल अँध्यारो गर्तमा खस्नेछ।
छोरीले बाबा बाबा भनेर बोलाएको सुन्यो विदुरले। बाबा भनेर बोलाउने गर्थी छोरी, अहिले पनि त्यही भनेर बोलाइरहेकी छ। मन एकतमासको भयो। खुसीले भरिएजस्तो भयो। छोरीले कहाँबाट त्यसरी बोलाइरहेकी छ ? विदुर एकाएक जाग्यो। छोरी बोलाइरहेकी थिई, 'बाबा, बाबा ! आमाले खाना तयार भयो, बाबालाई बोलाएर ले भन्नुभा'को, हिँड्नोस् खाना खान। अफिस पनि जाने होला !'
विदुर कम्प्युटरमा काम गर्दागर्दै निदाएछ। दुःस्वप्न टुटेकोमा उसको मन उज्यालो भयो। आँखामा व्याप्त अन्धकार हट्यो। ए, यो एउटा दुःस्वप्न रहेछ !
ऊ भान्सा पस्यो र खान बस्यो। अगाडि पस्किएपछि खाना आयो।
भित्र भान्सामा थिई छोरीकी आमा। उसले विदुरको छेउमा पानीको गिलास राखिदिई र खाना खान सुरु गरेको हेर्दै भनी, 'छोरीको कहिले गर्ने हो गुन्युचोली ?'
विदुरले छोरीलाई हेर्‍यो। छोरीको अनुहारमा निर्दोष र निश्छल हाँसो थियो।

# रसिक, लेकाली र म

• **उर्मिला श्रेष्ठ भोजपुरे**

गणेश रसिक हामी ज्यादै नजिकका आफन्त हौं । भौतिकीका हिसाबले अनि भावनात्मक रुपमा पनि! रसिकको विषयभित्र छिर्नअघि एउटा सानो संस्मरण सुनाइहालौं।

२०२२ सालको पुछारतिर हो, रसिक भर्खरै हामीसँगै हिड्न थालेका थिए। मैले पाएको 'डेट'मा रेडियो नेपालमा गीत गाउन गयौं। रेडियो नेपालको पुरानो स्टुडियोको माइक हल्लिरहन्थ्यो। टाउको यताउता सार्दै, माइक नजिक मुख लगेर गाउनुपर्थ्यो। त्यो दिन पनि त्यसैगरी गीत गाएर स्टुडियोबाट बाहिर निक्लियौं।

त्यहींनेर रसिक र हामीबीच सानो सम्झना-धाँजो निक्लियो। रसिकले भन्ने गरेका छन्- त्यो गीत रेडियो नेपालबाट पहिलोपल्ट हामी तीनै जना अर्थात् उर्मिला, भोजपुरे र रसिक मिलेर गायौं।

तर, हामी भने भन्छौं- त्यो गीतको पैलो रेडियो प्रस्तुतिमा गणेश रसिकको स्वर मिसिएको थिएन। रेडियो नेपालबाट दोस्रोपटक गाउँदा भने तीनै जनाको स्वर मिसिएको मलाई सम्झना छ। जे होस्, त्यो त्यति ठूलो खप्पर दुखाउनुपर्ने विषय होइन।

गीत गाएर स्टुडियोबाट निक्लने बित्तिकै शिवशंकर दाइ दौडदै आए र अत्यन्त उल्लासपूर्ण हिसाबले भोजपुरेजीलाई हेर्दै भने, "वाह भोजपुरेजी, आज त तपाईंहरूले गजबको गीत गाउनु भो...!"

त्यतिवेला गीतसंगीतमा लाग्नेहरूको एउटा नसुहाउँदो कमजोरी थियो र छ। त्यो के भने उनीहरूमा 'एप्रिसिएशन कल्चर'को कमि छ। मै हुँ भन्ने ठूल्ठूला कलाकारमा पनि त्यो त्रासदी छ। तर शिव दाइमा बेग्लै विहङ्गमता छ र त उनी मनैदेखि पग्लिए। मनैदेखि मुस्काएर भने- ...यो गीत। अचम्मको गीत। नितान्त नौलो किसिमको!

शिव दाइपछि अर्का उर्लँदै आउने आदर्श थिए- जनकवि केशरी धर्मराज थापा। उनी पनि उर्लिए-

भोजपुरेजी आहा!...क्या मीठो गाउनु भो आहा!

लहरा-पहरा-छहराको देश...। यस्तै गीत मैले निकै अघि लेखिसकेको थिएँ।

लहरा-पहरा-छहराको देश....! आहा....!!

अनि के चाहियो र! भोजपुरेजीलाई छेउबाट चटक्क चिमोटेछन् रसिकजीले।

त्यही वेला धर्मराज प्रश्न गरे, "अँ, रसिकजी! मैले देखेन भनेको? म त्यति लेख्न जान्दैन भनेको?"

अनि त के! राम्ररी नै रडाको मच्चियो। रसिकजीलाई थुम्थुमायौं। शिव दाइहरूले थापाजीलाई मत्थर बनाए।

यो खाली सम्झना-यात्रा मात्र हो। नेपाली लोकभाकामा आधारित गीतसंगीतका उद्गम शब्दशिल्पी, संगीतशिल्पी अनि स्वरदाता धर्मराज थापाप्रति सदैव हाम्रो उच्च आदरभाव छ। उहाँको योगदान अमूल्य छ, अमूल्य छ र छ ऐतिहासिक पनि।

दिदीले मलाई माया गरेर बोले पनि हुन्छ। गाली गरे पनि मिल्छ। जे जसो भने पनि र बोले पनि मेराबारे खुलस्त भनिदिनुस्। म केही बोल्दिन्न, म हाँस्छु। म रुन्न।

अघिल्लो पल्ट फोन गर्दा रसिकले बोलेका वचन हुन यी! मैले उनीबारे एउटा लिखोट लेखिदिनु पर्‍यो रे!

आज मंगलबार। १३ फेब्रुअरी, यता डेनवर अम्रिकामा।

यति गन्थन लेख्दै गरेको वेला मेसेन्जर कल आयो। भोजपुरेजीले कल रिसिभ गरे। रसिकजी फोनमा उपल्लो पट्टी, हामी यतापट्टी अम्रिकामा। बिर्सिसकेको, आज वसन्त पञ्चमी रे!

'लेकाली'ले पहिलो प्रकृति पाएको दिन। त्यही दिनदेखि हो, लेकालीले नवसंस्कार र संस्कृति भेट्टाउँदै गएको। अर्थात लेकाली जन्मेको दिन। अलिअलि नमिठो लाग्यो-छ्या! यो तिथिमिति मैले कसरी बिर्सेको, गणेश रसिकले सम्झाउने गरी...! रसिक बोले, "लु, दिदीलाई पनि बधाई! कस्तो छ अहिले उहाँको स्वास्थ्य?"

मैले सुनिरहेँ। भोजपुरेजीले भने, "लु, तपाई नै कुरा गर्नुस्!"

रसिकजीले मलाई पनि बधाई दिए र मेरो बिसन्चोबारे सोधपुछ गरे। मैले बेलिबिस्तार लगाएँ। म 'बेड रेस्ट'मा छु। एक साताअघि मोटरमा बेहोस भएछु। अनि उठेछु। ग्रोसरी गर्न हिंडेका हामी। होल फुडमा! हामी कोलोराडोको डेनवरमा बस्छौं। नजिकैको होलफुड मुश्किलले १० मिनेटको बाटो होला। मोटरमा बेहोस बनेर ढलेपछि बौरेछु, केही समय सापेक्षतापछि। शिरीषले 'के भो मा!' भन्यो रे' कैयौं चोटी।

भोजपुरेजीले 'के भो, के भो?' भनेर निकै नै खिप्नु खोजे रे मलाई। भोजपुरेजीले ढोका खोलेछन् मोटरको। उनी अगाडिको सिटमा बसेका। तर त्यतिखेरै म ब्युँतेछु, अचम्मले। म सामान्य भएँ। छोरा शिरीषले इमर्जेन्सी लैजान्छु भन्दा मैले मानिन! मैले त्यसलाई 'सामान्य' भनेँ। हो, त्यो संघटना सामान्य रहेछ। र त मैले मजैले झन्नैझन्नै दुईघण्टा 'होलफुड' चाहारें! खै मलाई क्यै भएन त! तर फेरि भयो।

घर फिर्‍यौं। दाल, भात, तरकारी बनायौं, खायौं।

आज झलमल्ल घाम लागेको छ बाहिर। घरभित्र उत्तिकै उज्यालो छ। सूर्यकिरणका छिर्का छिरेर किचेनका धेरै अन्तरकुन्तर पनि झलमल्ल छ। बाहिर पार्क चहुर चकमन्न छ। रुखका सुखा डालीबाट हिउँ झरिसकेको छ। लमतन्न पार्क चउरको चकमन्नतामा हिउँको उपस्थिति बाँकी छैन।

डेनवरको ब्यूटी नै हो, तगडा हिउँपर्छ, थोरै समयमा नै घामको किरणले हिउँको मानमर्दन गरिदिन्छ र वातावरण सामान्य बनिहाल्छ।

शिरीष टेबल सफा गर्दैथ्यो। उब्रेको रायोको साग पहेंलो हुन थालेको थियो। त्यसलाई गुन्द्रुक पार्छु भनेर आँगनतिरको ढोका खोल्न खोजेछु। म ड्याङ्ग्याङ्ङ ढलेछु। मलाई क्यै था'भएन।

शिरीषले दौडेर मलाई उठाएछ। म उठिन रे!

अब भने भएन। भोजपुरेजीले तत्काल कान्छो छोरा शिरुलाई फोन गरेछन् 'स्मृतिलाई तुरुन्त लिएर यता आउनु' भनेर। स्मृति एमडी डाक्टर। कान्छो छोरा शिरुकी पत्नी। काइजरको चेन-अस्पतालमा काम गर्छिन्।

उनीहरू तुरून्त आए। मलाई तत्काल इमर्जेन्सीतिर दौडाए। छोराछोरी सबै जम्मा भए। यताका द्यौता डाक्टरको अमूल्य उपचारले, छोरी-ज्वाइँ, छोरा-बुहारी अनि असंख्य आफन्तका शुभेच्छाले म बाँचेँ। अब भने मेरो मुटुले काम नगरेको वेला 'पेसमेकर'ले मलाई बचाउनेछ!

धन्य पेसमेकर! धन्य आधुनिक विज्ञान!!

भोजपुरेजी भन्दै छन् "...खै, मलाई पटक्कै याद छैन। रसिकजी कुन सङ्कोमा हाम्रो परिचयको दायराभित्र छिरे।"

मलाई भने टड्कारैसित याद छ। गणेश रसिक २०२२ चैत २० गते रेडियो नेपालको आधुनिक संगीत प्रतियोगितामा भाग लिन आएका थिए। त्यही हाम्रो सामान्य परिचय भएको हुनुपर्छ! रेडियो नेपालले हरेक वर्ष चैत २० गते गायनमा आधुनिक संगीत प्रतियोगिताको आयोजना गर्ने गर्थ्यो। त्यो साल बहिनी निर्मला र मैले पनि भाग लिएका थियौं, अप्रतियोगी भएर। लाग्छ- त्यो प्रतियोगताले म पहिलोपल्ट गायिका बनेँ। बहिनी निर्मला गायिका बनिन्।



अझ स्वादिलो कुरो के छ भने, नातिकाजी जस्ता विहङ्गम संगीतकर्मीले हाम्रो गीतको तारिफ गर्नसम्म गरे। लाग्छ, त्यो 'लाईभ शो'मा नातिकाजी दाइ सभापति थिए। शायद हाम्रो रिहर्सल उनले हेरेका थिए। त्यो राष्ट्रव्यापी कार्यक्रममा गाउन लाग्दा नाति दाइ 'दुगुरेर' स्टेजमा आए र पियानो एकोर्डियन बजाइदिए। संगीतकार शुक्रराज शाक्यले हार्बिन समाते र हामी दुई दिदीबहिनी- निर्मला र म गाउन थाल्यौं।

खोलाको तीर नाचेर हिंड्छ त्यो सानो जुरेली,
त्यो सानो जुरेली
म सँगसँगै गाएर हिंड्छ यो मेरो मुरली
यो मेरो मुरली....!
(शब्दः हिरण्य भोजपुरे)

पछि आफ्नो भाषणमा सभापति नातिकाजी श्रेष्ठले हाम्रो गीतको तारिफ गर्नसम्म गरे। "नेपाली गीत भनेको यस्तो हुनुपर्छ रे! ...खोलाको तीर आहा! स्वर पनि उर्मिला र निर्मलाको कति मिलेको, मिलेको र माझिएको....।"

गणेश रसिकसँग प्रतिभा छ, प्रतिभाका प्रतीति छन्। भोजपुरेसँग पनि त्यस्तै खाले जाँगर र जिजिविषा छ। यी दुवैको सिर्जनशीलतामा समदूरी छ जस्तो लाग्छ, गीत रचना अनि संगीत रचनाका अर्थमा पनि। भोजपुरे र रसिक लेकालीका धूरी हुँदै हुन्, उर्मिला जोडिएर पनि लेकाली बनेको हो। निर्मला, कमला, इन्द्रनारायण, शशि भण्डारी, न्हुच्छे डंगोल, नवीनकिशोर, निरा श्रेष्ठ आदि मिलेर र जुटेर समाहित समूह भएको संस्था पनि हो लेकाली।

अलि ठीकैको उचाइ भएका किराँती, भोजपुरको छिनामखुका संभ्रान्त किराँती । र त उनले सानैदेखि स्कूलको मूख देख्न पाए।

त्यतिखेर छिनामखु निक्कै दुर्गम पहाडी गाउँ! आजजस्तो कहाँ मोटर सरर! हत्तेरी, हन भोजपुर बजार पुग्नै डेढ दिन लाग्थ्यो रे!

हिमचिम हुन थाले पश्चात रसिकजी दिनदिनै आउँथे, हाम्रो चोकैचोक भित्रको चोके घरभित्र। पैलेपैले हाम्रो जमात ठूलो थिएन। निर्मला, भोजपुरे, रसिक र म। पछि तीर्थ शेरचन आए र आए शशी भण्डारी।

रहँदाबस्ता हाम्रो एउटा सांगीतिक जमात जम्नुपर्‍यो भन्ने कुरो उठ्यो। सबैको कुरो मिल्यो र लेकालीको जन्म भयो। लेकालीको जन्म त भयो तर तीर्थ शेरचन भने बेपत्ता भए।

मैले बुझेको गणेश रसिक। अलिअलि रिसाहा। अरु वेला हैन भोकाको वेला। भोक पनि भोक! आगो। भोकको आगो। भोग्नेलाई नै थाहा हुन्छ भोकको आगो! भोकाको आगोले आगो मात्र दिँदैन, आक्रोश पनि दिन्छ। आक्रोशको आगो! भोकाको त म पनि हुन्थेँ। भोजपुरे, निर्मला र सबै हुन्थ्यौ। तर रसिकजीलाई भने भोकले अलि बढी नै औडाहा दिने गर्थ्यो झैं लाग्छ।

हिजो मात्र भोजपुरेजीको लेख पढेको थिएँ। रसिकजीबारे कुरा तिनै हुन्। उनका केही शब्दहरू सापटी लिन मन लाग्यो, लिएँ है!

....समयका सिस्नुहरू टेक्तैटेक्तै बबण्डरका बबण्डर हण्डर खानसम्म खाएका गणेस रसिक विसं. २०२३ सालतिर काठमाडौं खाल्डो छिरे र हामीमाझ आइपुगे। म ढाक्रे। रसिक ढाक्रे। उर्मिला मात्र जागिरे। तेसै ताका शाखा अधिकृत। लेकाली लेकाली बन्न अघिदेखि नै हरेक भने जसो साँझ उर्मिलाको घर असनको त्यौडमा हामी भेला हुन्थ्यौं। खाजा खान्थ्यौँ। पैलो काम क्षुधातृप्ति!

उमेर भनेको उमेरै हुँदो रैछ। दिनभरि अपिसमा अन्धाधुन्ध कामपछि पनि उर्मिलामा जाँगर मर्दैनथ्यो। भान्सामा पसेर पकाउँथिन् कैले राँगा मासुको झुर्झुरे। खाजा बजी झुर्झुरे! कहिले ख्वाउथिन् आलुबजी त कैले छोयलाबजी....।

भोकाएका भोकहरूको आफ्नैभूमिका! उनीहरूले 'भोक लाग्यो' भने पुग्यो। अझ हाम्री बूढी बजै त मुखैफोरेर मन्थिन्, 'हन यो रसिकलाई कति भोकलाग्ने हँ। जतिखेर पनि भोकै मात्र लागिरहने। भातै नखाइ आउँछ कि कसो!'

मेरो मनभरि भने बेग्लै भुमरी घुमिरहेको हुन्थ्यो। हाम्रो परिवार। निम्नमध्यम वर्गीय परिवार। बाबु बत्सलाल श्रेठ। उनको नायव सुब्बाको खान्गीले परिवारको भरणपोषण गर्नुपर्ने! तेत्रो ठूलो परिबार! मलाई मेरो दायित्ववोध हुन्थ्यो र म महीना मर्ने बित्तिकै तलब आमाको हातमा राखदिन्थें। म बाइस सालमै शाखा अधिकृत भइसकेको थिएँ। तेतिखेर शाखा अधिकृत भनेपछि निकै ठूलो पद मानिन्थ्यो। उर्दिमा कालो कोट लाउने भनेपछि धेरै मानिसको मनमा बेग्लै आदरभाव उम्लन्थ्यो।

आज यसो सम्झन्छु, ओहो, हाम्रा आमाबाउ निकै उदारमना रहेछन्। खासगरि हाम्रीबजै। बजै कृष्ण कुमारी श्रेष्ठ। म सानो छँदादेखि नै बजैले आशिर्वाद दिने गर्थिन, 'तिमी ठूलो हाकिम हुनुपर्छ' भनेर! बरा, उनले देख्न पाइनन्। आशिर्वाद भने लाग्यो। म ठूलो हाकिम भएँ, सरकारी सचिव, लोकसेवा आयोगको सदस्य।

घरमा यो आउँछ, त्यो आउँछ भन्ने थिएन। जातीय भेदभाव भएको समाज! तर बाउआमाको त के कुरो बूढी बजैले समेत चुईंक्क नबोल्ने घरमा दुई-दुई जना तरुनी छोरी-नातिनी अनि अरू भूर्राभूरी। भो कुरा नगरौं!

आमालाई घरखर्च भनेर सुम्पेको रकममध्ये सामान्य रकम पकेटखर्च भनेर जोहो गरेको हुन्थें। अनि त्यही पैसाले साँझ खाजा खानुपर्ने। कैलेकैले त हत्ते नै पर्थ्यो। घरका र लेकालीका कसैले सुइँको पाउँदैनथे। मैले मेरो अकबरे सुनको औंठी कैयौंपटक बन्दक राखेको छु। हामी आफूहरू मात्र खाने हो र! ख्वाउनु पनि पर्ने बेला बखतमा। कहिले लेखक कविहरूलाई त कहिले रेडियोका वाद्यवादक कलाकारहरूलाई। त्यौडको त्यो चौकैचोकको चोकेघरमा नपुगेका तत्कालीन कमै कवि-कलाकार होलान्।

मैले फेरि पनि एकफेर भोजपुरजीको बेलो समातेँ है!

....भोकको मुखमा बूझो लागिसकेपछि रसिक हार्बिन समात्थे। म खुँडे गितार समात्थेँ। अनि त रिहर्सल। अन्धाधुन्ध। घण्टौंसम्म। उर्मिला श्रेष्ठ। निर्मला श्रेष्ठ। गणेस रसिक। हिरण्य भोजपुरे। अनि पछिपछि थपिए शशि भण्डारी, इन्द्रनारायण, कमला, नवीन किशोर, नीरा र न्हुच्छेहरू। शायद हामीबीच एउटा 'जुनून'ले जन्म लिन्थ्यो! अनि त्यो 'जुनून' जुनकिरी बन्दै मनचरीले मदहोशी अनि आनन्दको उपल्लो आधारतिर उज्यालाका अनन्त आँखा-झिल्काहरू छरपस्ट पार्दै जाने गर्दथ्यो...।

गणेश रसिकका गीतले एउटा बेग्लै वर्चस्व बोकेको हुन्छ। उनी कल्पनामा कुद्छन्, भावमा बहन्छन। ती भाव र कल्पना पनि नितान्त प्राकृतिक हुन्छन्। प्रकृतिलाई नितान्त नजिकबाट नियालेर आफूबाट प्रकृतितूल्य शब्द र संगीत दिनसक्ने ज्वान् हुन् रसिक। गणेश रसिक! 'ए है है, आज भेंडा-बाख्रा कता लाने...' यो गीत बज्नसम्म बज्यो रेडियो नेपालबाट। 'रातो भाले... सुत्केरीलाई ख्वएं....' यो गीत त झनै बढी बज्यो।

हुन पनि 'ए है है' र 'रातो भाले' मलाई लाग्छ आयामिक गीत हुन्। यी गीतमा प्राकृतिकता छ। प्राकृतिक प्रयोग छ। प्रकृति र संस्कृतिको सुरम्य सम्मीलन अरूतिर विरलै देख्न पाइन्छ।

२०२० को दशकमा हिरण्य भोजपुरे र गणेश रसिक एक-अर्काका पूरक जस्तो बनिसकेका थिए। रेडियो नेपालबाट त्यसताका यी दुईको जोर स्वर घन्कनसम्म घन्कन्थे। रसिकद्वारा सिर्जित र संकलित लोक छिमलका गीतहरूले उपल्लो दर्जाको लोकप्रियता पाउनसम्म पाए। गीतको प्रसिद्धिका साथै यी दुवैको नाम पनि उर्लिने नै भयो। हुँदाहुँदा मानिसहरू रसिकलाई हिरण्य र हिरण्यलाई रसिक भनेर अल्मलिन थाले। धेरैले मलाई सोध्थे, 'हन भोजपुरे कुन र रसिकजी नि?'

म भनि दिन्थें, "लामो नाक हुने भोजपुरे अनि न्याप्टो नाक र ठूलो कान हुने रसिक!"

हो, मैले त्यही कुरा डा. भेषबहादुर थापा र डा.रीता थापालाई पनि भनेको थिएँ क्यानडामा। यो सन् १९७१ तिरको कुरो हो।

डा. भेषबहादुर थापा क्यानडामा कार्यरत थिए। कुनै अन्तर्राष्ट्रिय संस्थाको क्षेत्रीय डाइरेक्टर। म अफिसबाट क्यानडा गएको थिएँ, सहकारी तालीममा। टूरको सिलसिलामा उनीहरूकै घरमा बसेको थिएँ, एकसाता जति! शायद डा. रीता थापाले सोधेकी थिइन्, "हामीलाई थाहा छ तपाईंको बूढा भोजपुरे भनेर। तर कुन रसिक, कुन

❖ बाँकी अन्तिम पृष्ठमा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आईः ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।